# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## वन विज्ञान संकाय
### डीनको कार्यालय

च. नं. :- (शै.प्र.शा.) ४६३/०७७/०७८ हेटौंडा, मकवानपुर


मिति : २०७७/१०/२२ गते

**स्नातक तह (२०७६-२०८०) मा भर्नाको लागि**
**UDF (पूर्णशुल्कीय) मा छनौट भएका उम्मेदवारहरुको**
**भर्ना सूची प्रकाशन सम्वन्धि सूचना**

शैक्षिक सत्र २०७६-२०८० स्नातक तहको लागि कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय अन्तर्गत हेटौडा र प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कटारी-उदयपुरमा अध्ययन गर्न आवेदन दिएका उम्मेदवारहरुमध्ये मिति २०७६/०९/०५ गते शनिवारका दिन लिइएको प्रवेश परीक्षामा प्राप्त प्राप्ताङ्क, आई.एस्सी. वा १०+२ तहको प्राप्ताङ्कको १० प्रतिशत र एस.एल.सी.को प्राप्ताङ्कको १० प्रतिशत समेतको आधारमा योग्यताक्रमानुसार तयार गरी वन विज्ञान संकाय, हेटौडा तर्फ भर्ना भई भर्ना रद्द गरिएको रिक्त स्थानको लागि तपसिल बमोजिम UDF (पूर्णशुल्कीय) भर्ना सूची प्रकाशित गरिएको छ ।

भर्नाको किसिम अनलाईन मार्फत हुने भएकाले उल्लेखित उम्मेदवारले विश्वविद्यालयको आधिकारिक वेवसाईट www.afu.edu.np मा गई B.Sc. Forestry भर्ना सम्बन्धि सूचनामा आफ्नो नाम दर्ता गराउन आवश्यक विवरण फाराम सहित आफु छनौट भएको सिट अनुसार भर्ना शुल्क बुझाएको बैङ्क भौचर र उक्त फाराम पेश गर्नु पर्नेछ । साथै उम्मेदवारका अन्य सक्कल प्रमाणपत्रहरु कार्यालयले माग गरेको समयमा उपलव्ध गराउने कबुल गर्दै सो अनलाईन भर्ना सम्पन्न गर्नु पर्नेछ । UDF (पूर्णशुल्कीय) भर्ना सूचीको अनलाईन भर्ना हुने म्याद मिति २०७७/१०/२२ गते बिहीबारदेखि मिति २०७७/१०/२५ गते आइतबार राती १२:०० बजे भित्र तोकिएको छ । भर्ना हुने उम्मेदवारको शैक्षिक योग्यता एवं अन्य विवरण झुठ्ठा ठहरिएमा वा फरक भेटिएको प्रमाणित भएमा र तोकिएको भर्ना शुल्क नबुझाएमा उक्त उम्मेदवारको भर्ना कुनैपनि समय रद्द गर्न सकिनेछ । भर्ना सूची प्रकाशनमा सकेसम्म शुद्दिकरण गरिएको छ, तथापि कुनै भूलचुक भएमा भर्ना सम्बन्धि मूलकपिबाट सच्याईने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि सूचित गरिन्छ ।

UDF (पूर्णशुल्कीय) मा भर्ना हुने विद्यार्थीले प्रथम किस्ता वापत रु.१,००,०००।- (एक लाख रुपैंया) र भर्ना शुल्क रु.५,९०५।- (पाँच हजार नौ सय पाँच रुपैंया) गरी जम्मा रु.१,०५,९०५।- (एक लाख पाँच हजार नौ सय पाँच रुपैंया) वन विज्ञान संकाय, हेटौडाको नाममा रहेको राष्ट्रिय बाणिज्य बैङ्क, हेटौडा शाखा चल्ति खाता नं. १३००१००००३२९६००१ मा जम्मा गरेको बैङ्क भौचर संलग्न हुनु पर्नेछ ।

**वन विज्ञान संकाय, हेटौडा-मकवानपुरमा भर्नाका लागि छनौट भएका उम्मेदवार:-**

| SN | Exam Roll No. | Name | District | Gender | Total Score |
|---|---|---|---|---|---|
| 1 | 1844 | NIRMAL LAMICHHANE | Ramechhap | Male | 62.075 |

( प्रा.डा. बलराम भट्ट )
डीन
डीन

वोधार्थ:-

।१। श्री रजिष्ट्रारको कार्यालय,
कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन ।

।२। श्री परीक्षा नियन्त्रण कार्यालय,
कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन ।

।३। श्री आर्थिक प्रशासन शाखा,
वन विज्ञान संकाय, हेटौडा ।


फोन नं. ०५७-५२४१५४, ५२७३५४, ५२३२४८
फ्याक्स नं.: ०५७-५२७३५४
Email: deanforestry@afu.edu.np
Web.: www.afu.edu.np